वर्ष ५, अंक ३
चैत्र २०७०, March 2014

# ICAN Newsletter

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

## अध्यक्षको मन्तव्य



प्रिय मित्रहरू,

श्रीलंकाको कोलम्बोमा २० देखि २२ जनवरी २०१४ सम्म आयोजित साफा अन्तर्गतका बोर्ड, टास्क फोर्स तथा एसेम्ब्ली र कमिटि बैठकमा मेरो नेतृत्वमा प्रतिनिधि मण्डलले सहभागिता जनाउने अवसर प्राप्त गरेको थियो । प्रतिनिधि मण्डलले IFAC को लेखा सम्बन्धी व्यावसायिक संगठन (Professional Accounting Organizations- PAOs)हरूको विकास सम्बन्धी कार्यशाला गोष्ठीमा समेत भाग लिने अवसर पाएको थियो । अन्तर्राष्ट्रिय लेखा तथा लेखापरीक्षण मानको स्वीकार्यता, कार्यान्वयन, वकालत, सरोकारवालाहरूको सहभागिताको सन्दर्भमा असल प्रचलन, सफलताका कारक र क्षमता विकासका चुनौतिलाई एक सार्वजनिक नीतिको रूपमा स्थापित गर्न PAO को भूमिका बारेमा तीन समूहमा गोलमेच छलफल आयोजना गरिएको थियो ।

पकिस्तानको कराँचीमा ९-११ मार्च २०१४ सम्म संचालित SAFA Board, तथा Committee Meeting हरू र CFO Conference मा मेरो नेतृत्वको अर्को प्रतिनिधि मण्डलले भाग लिएको थियो । त्यसको लगत्तै २३-२५ मार्च २०१४ मा फिलिपिन्सको मनिलामा आयोजित फिलिपिन्स ईन्स्टिच्युट अफ सर्टिफाईड पब्लिक एकाउन्टेन्ट्स (PICPA) र एशियाली विकास बैंकको संयुक्त आयोजनामा संचालित कापा PSFM बैठक र ADB- CAPA- WB फोरम र फिलिपिन्स पब्लिक सेक्टर राउन्ड टेबलमा संस्थाको अर्को प्रतिनिधि मण्डलले भाग लियो ।

बिभिन्न बैठकहरूमा लेखा तथा बित्तीय क्षेत्रका बिविध पक्षहरू उपर औपचारिक र अनौपचारिक बैठकहरू तथा अन्तरक्रियाहरू भएका थिए । त्यसको अलावा लेखा तथा लेखापरीक्षणमानहरूको प्रयोग, लेखापरीक्षणको गुणस्तरीयता कायम राख्न PAOs हरूले सामना गर्नु परिरहेको चुनौतिका विषयमा कुराकानी भएको थियो । लेखाव्यवसायको मर्यादालाई कायम राख्न PAOs हरूले आफ्नो नियमनकारी कार्यहरूलाई सशक्त रूपमा उठाइएको पाइयो । यसबारेमा IFAC, CAPA, SAFA ले समाधानका उपायहरू खोज्ने कार्य गरिरहेका छन् । त्यस्तै केही मुलुकमा PAOs ले लेखाव्यवसायको आधारभूत सिद्धान्त स्थापित गर्न र ती संस्थाहरूको स्थापनाको उद्देश्य प्राप्तिका लागि नियमन प्रणालीलाई सुदृढ गर्न आवश्यक गृहकार्य गरी रहेको बुझियो ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले नियमनकारी संरचना अनुरूप संस्थाका सदस्यहरूबाट सधै अनुशासित, पारदर्शी र सेवामा जवाफदेही भई नैतिक मान्यताको प्रदर्शनको अपेक्षा राख्दछ । जसबाट लेखाव्यवसाय प्रति सरोकारवालाहरूमा आस्था र जनमानसमा विश्वास बढाउन सहयोग पुग्दछ । हामीले संस्थाको ऐन तथा नियमलाई पल्टाउने हो भने संस्थाको नियमनकारी विधि बारेमा व्यवस्था छ तर नियमनकारी प्रावधानको लागु गर्ने सन्दर्भमा बर्तमान कानुनी व्यवस्था बिधि र कार्यान्वयन पक्षको पनरावलोकन गरी सुदृढ गर्नु पर्ने देखिन्छ । यस सिलसिलामा फेब्रुअरी २०१४ मा पूर्व अध्यक्षहरू र वरिष्ठ सदस्यहरूको सहभागितामा Law Enforcement Committee को स्थापना गरिएको छ । समितिले सदस्यहरूको आचार, व्यावसायिकता र नियमनकारी

## संस्थाको १७ औं बार्षिकउत्सव कार्यक्रम सम्पन्न



मानिनीय अर्थमन्त्री शंकर प्रसाद कोईराला कार्यक्रममा द्वीप प्रज्वलन गर्नुहुदै ।

१७ माघ २०७० मा आफ्नो स्थापनाको १७ औं बार्षिक उत्सव सोल्टी क्राउन प्लाजा होटलमा भव्यताका साथ मनाईयो । प्रमुख अतिथि माननीय अर्थमन्त्री श्री शंकर प्रसाद कोइरालाले द्वीप प्रज्वलन गरी कार्यक्रमको शुभारम्भ भएको थियो । सो कार्यक्रममा अतिथिहरू धितोपत्रबोर्डका अध्यक्ष श्री बाबुराम श्रेष्ठ, बीमा सिमितिका अध्यक्ष प्रा. डा. फत्त बहादुर के.सी., उपमहालेखा परीक्षक श्री जनक राज गौतम तथा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर सिए. महा प्रसाद अधिकारी रहनु भएको थियो ।

कार्यक्रममा संस्थाका अध्यक्ष सिए. महेश कुमार गुरागाईले प्रमुख अतिथि तथा अतिथिहरूलाई पुष्पगुच्छा र व्याच प्रदान गरी कार्यक्रममा स्वागत गर्नु भएको थियो ।

कार्यक्रममा संस्थाका अध्यक्षले संस्थाको २०६९/७० वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुका साथै भावी कार्य योजना प्रस्तुत गर्नु भएको थियो । आफ्नो मन्तव्यको क्रममा अध्यक्षले व्यावसायिक लेखापालकहरू लाई स्वच्छ लेखापरीक्षणबाट लेखाव्यवसायको विकास तथा बिस्तारमा सहयोग पुग्ने भएकोले समाज तथा राष्ट्रले गरेको अपेक्षालाई मूर्त रूप दिन सधैं तत्पर रहनु पर्ने धारणा राख्नु भयो यसका लागि व्यवसायिक लेखापालकहरूले संस्थाको ऐन नियम र जारी गरिएका आचार संहिताका साथै अन्य निर्देशनहरूलाई पालना गरी आफ्नो गरिमा, मूल्य तथा मान्यतालाई कायम राख्न समेत अनुरोध गर्नु भएको थियो । उहाँले संस्थाका सरोकारवाला संस्थाहरू, सदस्यहरू, बिद्यार्थीहरू



माननीय अर्थमन्त्री शंकर प्रसाद कोईराला तथा संस्थाका पदाधिकारीका साथ संस्थाका उत्कृष्ट विद्यार्थीहरू ।

विषयहरू बारेमा नियमन सम्बन्धी विधि प्रक्रिया बारेमा अध्ययन गरी रहेको छ । यस प्रयासलाई सफल पार्न संस्था एक्लोको प्रयास पर्याप्त नहुने भएकाले यसमा संस्थाका सदस्यहरूको भूमिका महत्वपूर्ण छ । आवश्यक परेको खण्डमा सार्क राष्ट्रका उत्कृष्ट लेखाव्यवसायी संस्थाहरूसंग प्राविधिक सहयोग समेत लिइनेछ ।

लेखाव्यवसाय जस्तो मर्यादित तथा सम्मान जनक पेशालाई अफ मर्यादित तथा व्यावसायिक बनाउन सधैं प्रतिवद्ध रहेको र संस्थाका सदस्यहरूबाट यस्ता प्रयासहरूमा सधै सकारात्मक सहयोग प्राप्त हुंदै आएको छ तर पनि संस्थाका केही लेखाव्यावसायी सदस्यहरूको सामान्य त्रुटीहरू र तथाकथित आचारको कुरालाई लिएर समय समयमा सदस्यहरूलाई लगाइएका लान्छानाहरू दुर्भाग्य पूर्ण रहेको साथै संस्था र सम्पूर्ण सदस्यका लागि चिन्ताको विषय रहेको छ ।

सरोकारवालाहरूले संस्थाका सदस्यहरूबाट राखेको अपेक्षाको अन्तरले यस्तो अप्रिय अवस्थाको सृजना भएको हो भन्ने संस्थाले महशुस गरेको छ । हाम्रो विचारमा लेखापरीक्षणमान र नियमनकारी आवश्यकताले लेखापरीक्षकको बारेमा तोकिएको भूमिका र सरोकारवालाहरूको लेखापरीक्षणको भूमिका बारेमा बुझाइको फरकबाट यो स्थिति देखिएको भन्ने संस्थालाई लागेको छ । सरोकारवालाहरूले लेखापरीक्षणबाट निकायको आर्थिक कारोवारमा पारदर्शिता र जवाफ देहिताको बारेमा पूर्ण आश्वस्तता र प्रत्याभूतिको अपेक्षा राखेको पाईन्छ तथापी यो आम अपेक्षामा देखिएको अन्तरको प्रमुख कारण होइन ।

हाल संस्था नियमनकारी संयत्रको कार्यान्वयन र प्रचलनलाई बलियो बनाउने त्यसलाई पुनर्वालवोकन गर्नु पर्दछ भन्ने लागेको छ । हामीले बिभिन्न नियमनकारी निकायहरूसंग छलफल तथा परमार्श गरी ती निकायहरूले संस्था तथा संस्थाका सदस्यसंग गरेको अपेक्षाको बारेमा जानकारी लिई लेखाव्यवसायमा संस्थाको भूमिका जानकारी गराई सरोकारवालाहरू वीच संस्था प्रति रहेको नकारात्मक धारणा हटाउन सहकार्य गर्ने योजना बनाएका छौं । यस्तो संयुक्त प्रयासबाट संस्था तथा संस्थाका सदस्यहरूसंग लेखाव्यवसायमा रहेको सरोकारवालाहरूको गुनासो समाप्त हुने आशा मैले लिएको छु ।

म संस्थाका सदस्यहरूलाई राष्ट्रको कानुन तथा लेखा परीक्षणमानको परिधि भित्र रही सेवाग्राही हरूलाई स्तरीय लेखापरीक्षण सेवा प्रदान गरी निकायहरूको आवश्यकता पूरा गर्न ध्यानाकर्षण गराउन चाहन्छु ।

२०१४/०१५ को लागि संस्थाको प्रमुख एजेण्डा IFRS Convergence हो । जसका लागि IFRS कार्यान्वयनमा सरोकारवालाहरू, प्रयोगकर्ता र लेखाव्यवसायीहरूको सहयोग महत्वपूर्ण र अत्यन्त जरूरी छ । यस सन्दर्भमा सहज संक्रमणको लागि संस्था र सरोकारवालाहरूबाट भए गरेका तयारी सम्बन्धी प्रयासहरूको समय समयमा संयुक्त रूपमा समीक्षा हुनु पर्दछ ।

लेखाव्यवसायी संगठनद्वारा आयोजना हुने अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरका बिभिन्न बैठक, सेमिनार, कार्यशाला गोष्ठीमा विश्व बैंक, एशियाली विकास बैंक र अन्य दाताहरूको नियमित सहभागिताले बित्तीय क्षेत्रमा लेखाव्यवसाय, लेखा सम्बन्धी संगठनको भूमिकालाई स्वीकार गरेको तर्फ इंगित गर्दछ ।

IFAC ले लेखाव्यावसायीहरूलाई तीन वर्षमा १२० क्रेडिट आवर अनवरत व्यवसायिक शिक्षा सम्बन्धी तालिम दिइनु पर्ने सुझाएको छ ।

क्षेत्रीय तथा अन्तर्राष्ट्रिय लेखाव्यवसायी संस्थाहरूले जारी गरेको घोषणाहरू दृष्टिगत गरी मौजुदा लेखाव्यवसायीको पाठ्यक्रममा संसोधन गर्न साफाले सिफारिस गरेको छ । अन्तर्राष्ट्रिय, क्षेत्रीय, र राष्ट्रिय संघ संगठनहरूले चालेको उपर्युक्त पाइलाहरूको अन्तिम उद्देश्य लेखाव्यवसायको गुणस्तर र इमान्दारिता अभिबृद्धि गर्ने तर्फ निर्देशित छन् । उपर्युक्त व्होरालाई विचार गरी लेखापरीक्षणको गुणस्तर अभिबृद्धिको सवालमा यसलाई पीडादायी रूपमा नलिन हुन सवै सदस्यहरूलाई विनम्र अनुरोध गर्दछु ।

अन्तमा, सवै सदस्यहरु तथा सरोकारवालाहरूलाई नव बर्ष २०७१ सालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु ।

सिए. महेशकुमार गुरागाईं
अध्यक्ष

बिद्यार्थीहरू र कर्मचारीहरूलाई भवन निमार्णमा आर्थिक सहयोग पुऱ्याउनु भएकोमा धन्यवाद दिनु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथिले संस्थाका बर्षका उत्कृष्ट कर्मचारीहरू श्रीमती अनिता भण्डारी तथा श्री शिव भट्टराईलाई नगद तथा प्रमाणपत्र र उत्कृष्ट बिद्यार्थीहरूलाई पदक तथा प्रमाणपत्र प्रदान गर्नु भयो । सोही अवसरमा संस्थाको बार्षिकोत्सवको उपलक्ष्यमा नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले आयोजना गरेको खेलकुद प्रतियोगिताका बिजयीहरूलाई पुरस्कार बितरण गर्नु भएको थियो ।

कार्यक्रमका अतिथि धितोपत्र बोर्डका अध्यक्षले संस्था तथा बोर्ड बीचको सम्बन्धका बारेमा प्रकाश पार्नुभएको थियो । साथै उहाँले धितोपत्रमा सूचीकृत कम्पनीहरूको लेखापरीक्षणमा संस्थाको महत्वपूर्ण भूमिका रहने धारणा राख्नु भएको थियो ।

त्यस्तै, अतिथिकै बोल्ने क्रममा वीमा समितिका अध्यक्षले संस्था तथा समितिको सम्बन्धका बारेमा प्रकाश पार्नुका साथै संस्थाले गरेको प्रगतिको प्रशंसा गर्नु भएको थियो ।

त्यसैगरी, अर्का अतिथि उपमहालेखा परीक्षकले सरकारी लेखापरीक्षण र स्वतन्त्र लेखापरीक्षणको मध्यम बिन्दुलाई ध्यानमा राखी धन, प्रेम तथा सद्भावमा भन्दा व्यवसायिक सेवा प्रदान गर्ने तर्फ ध्यानाकर्षण गराउनु हुँदै नीतिसंगत रूपमा गरेको लेखापरीक्षणले विश्वसनीयता बढ्न गई लगानी प्रबर्द्धन हुन सक्ने कुरामा समेत जोड दिनु भएको थियो ।

कार्यक्रमका अतिथि डेपुटी गभर्नरले संस्थाको बिकास, गुणस्तरीय शिक्षा, लगनशील श्रोत व्यक्ति लगायत जारी मानहरू समयमै लागु गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो । देशको आर्थिक बिकास, राजस्व संकलन र आर्थिक व्यवस्थापनमा संस्थाको भूमिकाका बारेमा समेत प्रकाश पार्नुभएको थियो । नेपाल राष्ट्र बैंक संस्थालाई आवश्यकता अनुरूप सहयोग गर्न सदैव तत्पर रहेको प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथिले संस्थाको उपलब्धिको प्रशंसा गर्नुका साथै संस्थामा देखिएका त्रुटीहरू तर्फ समेत ध्यनाकर्षण गराउनु भएको थियो । वहाँले सरकारको तर्फबाट सहकार्यको आधारमा सहयोग गर्ने धारणा राख्नु भएको थियो । प्रमुख अतिथिले केही हदसम्म भएपनि संस्था देश भित्रै चार्टर्ड एकाउन्टेन्ट उत्पादन गरी विदेशी मुद्रा पलायनतालाई रोकी र विश्व परिवेशमा नेपाललाई चिनाउन सकेकोमा संस्थालाई धन्यवाद दिनु भएको थियो । अन्तमा उहाँले भवन निर्माण पूरा गर्न आर्थिक सहयोग गर्न सरकार तत्पर रहेको धारणा राख्नु भएको थियो ।

संस्थाका अध्यक्षले प्रमुख अतिथि तथा अतिथिहरूलाई संस्थाको तर्फबाट सद्भावको चिनो प्रदान गर्नु भएको थियो ।

कार्यक्रमको समापन गर्ने क्रममा संस्थाका उपाध्यक्ष सिए. नरेन्द्र भट्टराईले सरकारी निकायबाट यस नियमनकारी निकाय माथि भएको हस्तक्षेपको सरकार समक्ष ध्यानाकर्षण गराउनुका साथै सरकारी ऐन नियम निर्माणमा संस्था आवश्यकताका सम्बन्धमा समेत प्रकाश पार्नु भएको थियो । अन्तमा उहाँले कार्यक्रममा उपस्थित भई कार्यक्रमको शोभा बढाउने प्रमुख अतिथि, अतिथि, पूर्व अध्यक्षहरू, परिषद सदस्यहरू, कर्मचारीहरू लगायत सबैमा धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## Merger and Acquisition of Banking & Insurance Sector सम्बन्धी अन्तर्राष्ट्रिय सेमिनार




अन्तर्राष्ट्रिय सेमिनारको एक दृष्य

संस्थाले १७ माघ २०७० मा आफ्नो स्थापनाको १७औं बार्षिक उत्सवको अवसरमा Merger and Acquisition of Banking & Insurance Sector सम्बन्धी एक अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गऱ्यो । नेपालमा बैकिंङ्ग तथा वीमा क्षेत्रमा Merger तथा Acquisition विषय निकै जल्दो बल्दो रूपमा अघि आएकोले संस्थाले यसलाई प्रमुखता दिई कन्फरेन्सको आयोजना गरेको हो । कार्यक्रममा नेपाल लगायतका पाकिस्तान र श्रीलंकाका बैकिंङ्ग तथा वीमा क्षेत्रका बिज्ञहरूले बैकिंङ्ग तथा वीमा क्षेत्रमा Merger तथा Acquisition को आवश्यकता तथा उपदेयताका बारेका कार्यपत्रहरू प्रस्तुत गरेका थिए ।

कार्यक्रमका शुरूआत संस्थाका अध्यक्ष सिए. महेश कुमार गुरागाईको स्वागत मन्तव्यबाट गर्नु भएको थियो ।

सेमिनार तीन सत्रमा संचालन भएको थियो । नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर सिए. महा प्रसाद अधिकारीले सेमिनारको प्रथम सत्रको अध्यक्षता गर्नुभएको थियो भने CEO/ Director, National Development PLC, श्रीलंकाका श्री Rajendra Theagarajah n] Merger and Acquisition of Banking & Insurance Sector" सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

वीमा समितिका अध्यक्ष प्रा.डा. फत्त बहादुर केसी ले अध्यक्षता गर्नुभएको दोश्रो सत्रमा संस्थाका भूतपूर्व अध्यक्ष एवं ग्लोवल आई.एम.ई बैंकका प्रमुख कार्यकारी अधिकृत सिए. रत्न राज बज्राचार्य तथा भूतपूर्व अध्यक्ष सिए. सुदर्शन राज पाण्डेले क्रमश "Merger and Acquisition in Nepalese Perspectives of Banking Sector" र "Merger and Acquisition in Nepalese Perspectives of Insurance Sector" सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

त्यसैगरी, साफाका पूर्व अध्यक्ष तथा संस्थाका प्रथम अध्यक्ष सिए. कोमल बहादुर चित्रकारले सेमिनारको तेश्रो सत्रको अध्यक्षता गर्नु भएको थियो । सो सत्रमा श्री Adnan Rizvi, FCA Parterner, KMPG Taseer Hadi & Co, Pakistan ले "Accounting Standards on Business Combination: in the Perspective of Merger & Accquisition" सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

संस्थाका निबर्तमान अध्यक्ष सिए. मधु विर पाण्डेले कार्यक्रममा सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्नु हुदैं कार्यक्रम समापनको घोषणा गर्नु भएको थियो ।

कार्यक्रममा सहभागिता जनाउने संस्थाका सदस्यहरूलाई ८ सी.पी.ई. क्रेडिट आवर प्रदान गरिएको थियो ।

## संस्थाको भूमिका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम

संस्थाको अर्धन्यायिक तथा अन्य भूमिका बारेमा सरोकारवाला वीच जानकारी गराउनुपर्ने कुराको महशुस गर्दै करीयर काउन्सलिङ्ग कमिटिलाई पब्लिक रिलेशनको थप जिम्मेवारी दिइए अनुरूप पब्लिक रिलेशन सम्बन्धी पहिलो कार्यक्रम बिराटनगर स्थित ईष्टन स्टार होटलमा २३ माघ २०७०मा आयोजना गरियो । सो कार्यक्रममा बिराटनगरका प्रशासनिक, आर्थिक, उद्योग तथा बाणिज्य क्षेत्रका संस्था प्रमुखहरूसंग ऐन बमोजिम संस्थाको भुमिका सम्बन्धमा अन्तकृया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा संस्थाको तर्फबाट करियर काउन्सलिङ्ग कमिटिका अध्यक्ष सिए मधु विर पाण्डे तथा सदस्य आरए मोहन सुबेदीले सहभागिता जनाउनु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि माननीय जिल्ला न्यायधीश शेखर प्रसाद पौडेल रहनु भएको थियो भने विशेष अतिथिको रूपमा पूर्व क्षेत्रका नायव प्रहरी महानिरिक्षक नवराज सिलवाल तथा मोरङका प्रमुख जिल्ला अधिकारी गणेश कार्की रहनु भएको थियो । कार्यक्रममा सहायक प्र.जि.अ, जिल्ला प्रहरी प्रमुख, बरिष्ठ अधिवक्ताहरू, भन्सार तथा आन्तरीक राजस्व कार्यलयका प्रमुख तथा प्रतिनिधिहरू, अन्य सरकारी कार्यालयका प्रमुखहरू, पत्रकारहरू एवं संस्थाको शाखा समितिका सदस्यहरूको उपस्थिति थियो ।

कार्यक्रमको संयोजन तथा संस्थाको बारेमा परिषद सदस्य आरए मोहन सुबेदीले प्रस्तुत गर्नु भएको थियो । कार्यक्रमको अध्यक्षता गर्नु भएका संस्थाका निवर्तमान अध्यक्ष सिए मधु विर पाण्डेले सहभागीहरूले राख्नु भएको जिज्ञासाहरूको जवाफ दिनुभएको थियो । सरोकारवालाहरूलाई संस्थाको भूमिका बारेमा जानकारी गराउने कार्यक्रम अत्यन्तै फलदायी रहेको विश्वास गरिएको छ ।

सोही दिन बिद्यार्थी, अभिभावक र उच्च माविका प्राध्यापकहरू बीच करीयर काउन्सलिङ्ग तथा अन्तक्रिया कार्यक्रम समेत संचालन गरिएको थियो ।

## पियर रिभ्यू सिस्टम रिफ्रेसर तालिम

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था अन्तर्गत रहेको पियर रिभ्यू बोर्डले काठमाडौंमा २ फाल्गुण २०७० मा आधा दिनको पियर रिभ्यू सिस्टम सम्बन्धी रिफ्रेसर तालिम संचालन गऱ्यो ।

संस्थाका चार्टर्ड एकाउन्टेन्ट सदस्य तथा रजिष्टर्ड अडिटर सदस्यहरूलाई लक्षित गरी पियर रिभ्यू सिष्टम सम्बन्धी क्षमता अभिबृद्धि गर्न तालिम संचालन गरिएको थियो ।

बोर्डका अध्यक्ष तथा संस्थाका भूतपूर्व अध्यक्ष सिए. सुनिर कुमार ढुंगेलको स्वागत मन्तव्यबाट कार्यक्रमको शुरूआत भएको थियो । मन्तव्यकै क्रममा अध्यक्षले यस तालिमको संक्षिप्त बिवरण प्रस्तुत गर्नु भएको थियो ।

त्यसैगरी संस्थाका अध्यक्ष सिए. महेश कुमार गुरागाईले कार्यक्रममा लेखा तथा लेखापरीक्षण व्यवसायमा यस प्रकारको तालिमको महत्व तथा उपदेयताको बारेमा सक्षिप्त बिवरण प्रस्तुत गर्नुभएको थियो । तलिमलाई चार प्राविधिक सत्रमा बिभाजन गरिएको थियो ।

| तलिम सत्र | प्रस्तुत कर्ता | विषय |
|---|---|---|
| पहिलो | सिए. प्रदीप कुमार श्रेष्ठ | Peer Review Process |
| दोश्रो | सिए. शशि सत्याल | Dcoumentation of Audit Working Papers |
| तेश्रो | सिए. सुनिर कुमार ढुंगेल | Review Process |
| चौथो | सिए. नन्द किशोर शर्मा | Reporting by Reivewer |

बोर्डका सदस्य तथा कार्यक्रमका संयोजक सिए. शशि सत्यालको धन्यवाद ज्ञापन पश्चात कार्यक्रमको समापन भएको थियो । कार्यक्रममा २२ जनाको सहभागिता रहेको थियो ।

# विद्यार्थी सम्बन्धी

## चार्टर्ड एकाउन्टेन्सी अन्तिम परीक्षाको नतिजा प्रकाशित

संस्थाले डिसेम्बर २०१३ मा संचालन गरेको बिभिन्न तहको चार्टर्ड एकाउन्टेन्सी अन्तिम परीक्षाको नतिजा प्रकाशित गरेको छ । प्रकाशित नतिजा अनुसार CAP I तहका नयाँ कोर्ष अन्तर्गत परीक्षामा सामेल मध्ये ४४७ र पुरानो कोर्ष अन्तर्गतका १२ परीक्षार्थी CAP II तहमा दर्ताको निमित्त योग्य भएका छन् । सो नतिजा अनुसार ७२ CAP III तहमा दर्ताको निमित्त योग्य भएका छन् । CAP III तह उत्तीर्ण १२ परीक्षार्थीहरू संस्थाले निर्दिष्ट गरेको अन्य आवश्यक प्रक्रिया पूरा गरी संस्थाको सदस्यता प्राप्त गर्न योग्य हुने छन् ।

## चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षाको नतिजा प्रकाशित

संस्थाले डिसेम्बर २०१३मा संचालन गरेको चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षाको नतिजा प्रकाशित गरेको छ । संस्थाले मान्यता दिएको बिदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरेका चार्टर्ड एकाउन्टेन्टहरूले संस्थाको नियम अनुसार अनिवार्य रूपमा सस्थाले संचालन गरेको सदस्यता परीक्षा उत्तीर्ण गनुपर्ने प्रावधान अनुरूप ५० जना परीक्षार्थी संस्थाको सदस्यताको निमित्त योग्य भएका छन् । जम्मा २२३ जनाले आवेदन फारम भरेकोमा बिभिन्न विषयका गरी २१२ परीक्षार्थीहरू संस्थाको नियमानुसार परीक्षामा सामेल भएका थिए । नोभेम्बर महिनामा संचालन हुनुपर्ने परीक्षा प्राबिधिक कारणवस डिसेम्बर महिनामा संचालन गरिएको थियो ।

## लेखाप्राविधिक परीक्षा सम्पन्न

संस्थाले १८-२१ मार्च २०१४ सम्म लेखाप्राविधिक परीक्षा सम्पन्न गरेको छ । अन्तिम परीक्षामा सामेल हुन अनिवार्य रूपमा पूर्व परीक्षा उत्तीर्ण गर्नु पर्ने संस्थाको प्रावधान अनुसार यस पटक ६ जनाले उक्त परीक्षा उत्तीर्ण गरेका थिए । मार्च २०१४ को अन्तिम परीक्षाको निमित्त १२ जनाले परीक्षा आवेदन पेश गरेको मध्ये ८ जना परीक्षामा सामेल भएका थिए । परीक्षा समान्य तया बर्षको दुई पटक मार्च तथा सेप्टेम्बरमा संचालन हुने गर्दछ ।

## बिद्यार्थी भर्ना सम्बन्धमा

चार्टर्ड एकाउन्टेन्सी तथा लेखा प्राविधिक शिक्षाका लागि बिद्यार्थीहरूको दाखिला संख्यामा भएको बृद्धिले यस शिक्षा प्रति आकर्षण बढदै गईरहेको संकेत गरेको छ । यस आर्थिक बर्षमा संस्थामा दर्ता भई सिए शिक्षा र लेखा प्राविधिक शिक्षामा अध्ययन गर्ने बिद्यार्थीहरूको संख्या निम्न अनुसार रहेको छ ।

| आर्थिक बर्ष | CAP I | CAP II | CAP III | AT | कूल |
|---|---|---|---|---|---|
| २०६८/६९ (२०१०/०११) | ५६४ | ५६७ | १०८ | २३ | १२६२ |
| २०६९/७० (२०११/०१२) | १०३८ | ६२५ | २११ | ८८ | १९६२ |
| २०७०/७१ (मार्च २०१४ सम्म) | ३२३ | ९४० | १३४ | ५० | १४४७ |

## सदस्यता बर्ग बृद्धिको नतिजा प्रकाशित

संस्थाले जून २०१३ मा संचालित सदस्यता बर्गबृद्धि परीक्षाको नतिजा प्रकाशित गरेको छ । लिखित परीक्षा तथा अनुभवको आधारमा संचालन गरिएको परीक्षामा ग बर्गका ३ सदस्य ख वर्गमा बर्गबृद्धि हुनुभएको छ ।

## करीयर काउन्सलिङ्ग

संस्थाले सिए शिक्षा बारेमा जानकारी गराउने उद्देश्यले काठमाडौं उपत्यका लगायत उपत्यका बाहिर समेत करीयर काउन्सलिङ्गको आयोजना गर्दै आएको छ । यस कार्यक्रमले नेपालमा नै सिए शिक्षा पढ्न चाहने बिद्यार्थीहरूलाई संस्था सम्बन्धी परिचय, सिए शिक्षाको महत्व तथा उपदेयता, दाखिला प्रक्रियाको साथै उक्त शिक्षा पश्चात प्राप्त गर्न सकिने संभावित रोजगारीका अवसर, तथा संस्थाको सदस्यता समेतको बारेमा स्थानीय तहमा नै जानकारी गराउंदै आएको छ ।

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र काठमाडौं विश्वविद्यालय बीच प्रशिक्षण सम्बन्धी सम्झौता

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) र काठमाडौं विश्वविद्यालय स्कूल अफ मेनेज्मेन्ट (KUSOM) बीच आइक्यानबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरेका चार्टर्ड एकाउन्टेन्टहरूलाई "व्यवस्थापन तथा सञ्चार सीप" सम्बन्धी प्रशिक्षण प्रदान गर्न मिति ६चैत्र २०७०मा सम्झौता पत्रमा हस्ताक्षर भएको छ ।

KUSOM ले संचालन गर्ने प्रशिक्षण कार्यक्रमको ICAN ले गुणस्तर समीक्षा (Quality Review) गर्नेछ ।

# सदस्य सम्बन्धी

## अनवरत व्यावसायिक शिक्षा

संस्थाले आर्थिक बर्ष २०७१/७२को निमित्त पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूको क्षमता अभिबृद्धिको निमित्त अनिवार्य अनवरत व्यवसायिक शिक्षा सम्बन्धी तालिम देशका बिभिन्न भागमा संचालन भइरहेको छ। सामान्यतया तीन दिन सम्म संचालन हुने कार्यक्रममा लेखा, लेखापरीक्षण, कर तथा अन्य लेखाव्यवसाय संग सम्बन्धित बिषयहरु समाविष्ट गरिदै आएको छ ।

## सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्था

१ श्रावण २०७० देखि २०७० चैत १८ सम्म संस्थाको सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्था तथा नवीकरणको स्थिति निम्न बमोजिम रहेको छ ।

| सदस्य | सदस्यता | | पेशागत प्रमाणपत्र | | लेखाव्यवसायी संस्था | |
|---|---|---|---|---|---|---|
| | कूल | नवीकरण | कूल | नवीकरण | कूल | नवीकरण |
| सिए/एफसिए | ७१४ | ५०१ | ५८८ | २५८ | ४९३ | २४२ |
| आरए. बी | ३३७४ | २०९५ | ३१३० | १५७६ | ९२८ | ६९९ |
| आरए. सी | १६१० | ९२१ | १४७५ | ७६१ | ३३१ | २१० |
| आरए. डी | २२९२ | १३४८ | २०९८ | ११९५ | २२५ | १६० |
| कूल सदस्य | ७९९० | ४८६५ | ७२९१ | ३७९० | १९७७ | १३११ |

# अन्तर्राष्ट्रिय सहभागिता

## SAFA Committee, SAFA Board, Task Force and Assembly Meeting, Srilanka

श्रीलंकाको कोलम्बोमा २० देखि २२ जनवरी २०१४ सम्म संचालित SAFA Board, Committee र Assembly Meetingमा संस्थाका अध्यक्ष सिए. महेश कुमार गुरागाईको नेतृत्वमा ४ सदस्यीय टोलिले सहभागिता जनायो । प्रतिनिधि मण्डलका अन्य सदस्यहरूमा उपाध्यक्ष सिए. नरेन्द्र भट्टराई, पार्षद आरए. मोहन कुमार सुवेदी र प्राविधिक निर्देशक सिए. परमानन्द अधिकारी रहनु भएको थियो ।

### SAFA Committee Meeting

श्रीलंकाको कोलम्बोमा २० र २१ जनवरी २०१४ मा बिभिन्न कमिटि बैठकहरू सम्पन्न भयो जसमा संस्थाको प्रतिनिधि मण्डलले सहभागिता जनाएको थियो ।

ITAG Committee Meeting मा काठमाडौंमा सम्पन्न साफा बी.पी.ए कन्फरेन्समा मूल्याङ्कनमा देखिएको बिविधताका सम्बन्धमा, Committee on Acounting and Auditing Standards बैठकमा IFRS लागु गरी एकरूपता कायम गर्ने सम्बन्धमा, Small and Medium Practices Committee बैठकमा Ethical Framework र Quality Assurance सम्बन्धी अवधारणा पत्रकरू बारेमा छलफल, Professional Ethics and Independence Committee बैठकमा आ-आफ्नो संस्थाको गतिविधि प्रस्तुती गरिनुका साथै Limited Liabilities Partnership (LLP) को अवस्था बारेमा जानकारी, SAFA International Relation Committee बैठकले सार्क सचिवालयसंगको सम्बन्धलाई अफ बढाउंदै लैजाने निर्णय, Committee on Education, Training and CPD बैठकले IAESBले प्रस्तुत गरेको IES ८ को exposure draft, व्यावसायिक क्षमता, CPD practices र CPE Credit Hour का बारेमा छलफल साथै बैठकले सदस्य राष्ट्रको CPD बिज्ञहरूको तथ्याङ्क आधार (data base) तयार पार्ने र सदस्य राष्ट्रले यसको उपयोग गर्नसक्ने व्यवस्था गर्ने समेत बैठकमा जानकारी गराइयो ।

### SAFA Task Force Meeting

यस बैठकमा साफा सदस्य राष्ट्मा बी.पी.ए (Best Presented Accounts) मूल्याङ्कन प्रक्रिया, सार्क राष्ट्रमा भ्रष्टाचार निवारण र लेखा व्यावसायीका चुनौति बारेमा छलफल भएको थियो । साफा सदस्य राष्ट्रहरुमा यस बैठकमा साफा सदस्य राष्ट्मा बी.पी.ए. (Best Presented Accounts) मूल्याङ्कन प्रक्रिया, सार्क राष्ट्रमा भ्रष्टाचार निवारण र लेखा व्यावसायीका चुनौति बारेमा छलफल भएको थियो । साफा सदस्य राष्ट्रहरुमा बी.पी.ए मूल्याङ्कन प्रक्रियामा एकरूपता कायम गर्ने र हालसम्म सदस्य

राष्ट्रमा भएका प्रगतिका बारेमा जानकारी लिनु बैठकको उद्देश्य रहेको थियो। सार्क राष्ट्रलाई भ्रष्टाचार मुक्त बनाउने अभिप्रायले Task force को कार्य बाँडफाँड, कार्य तरिका र रणनिति बनाउन लाग्ने समयका बारेमा छलफल भएको थियो । हाल बंगलादेश, भारत र पाकिस्तान मात्र यसका सदस्य रहेकोमा अन्य सदस्य राष्ट्रलाई समेत यसमा समावेश गर्ने बैठकले निर्णय गर्‍यो ।

त्यस्तै Task Force को अर्को बैठकले व्यवसायिक एकाउन्टेन्टहरूको चुनौतिका बारेमा छलफल गरेको थियो । सदस्य राष्ट्रका चार्टर्ड एकाउन्टेन्ट्स संस्थाहरू वीच एक आपसमा मान्यताको विषयमा समेत बैठकमा छलफल भएको थियो ।

### SAFA Board Meeting / SAFA Assembly Meeting

श्रीलंकाको कोलम्बोमा २१ जनवरी २०१४ मा साफा बोर्ड बैठक सम्पन्न भयो । बोर्ड बैठक २०१४ का लागि साफाका अध्यक्ष, उपाध्यक्ष लगायत कार्यकारी सचिव र सहायक सचिवको नियुक्तीका बारेमा केन्द्रित रहेको थियो । बैठकले ICAI का अध्यक्ष Mr. Subodh Kumar Agrawal र Mr. Arjuna Herath, ICASLका अध्यक्षलाई क्रमशः अध्यक्ष तथा उपाध्यक्षमा नियुक्त गरेको थियो भने SAFA Assembly बैठकले २०१४का लागि ICAI का अध्यक्ष र ICASLका अध्यक्षलाई क्रमशः अध्यक्ष तथा उपाध्यक्षको नियुक्ती सदर गर्नुका साथै कार्यकारी सचिव र सहायक सचिवको नियुक्ती सदर गरेको थियो । संस्थाका अध्यक्ष सिए. महेश कुमार गुरागाईंले श्रीलंकामा आयोजित ICASL को अध्यक्षको पदग्रहण कार्यक्रममा समेत भाग लिनु भएको थियो ।

## IFAC Professional Accountancy Organization (PAO) Development Workshop on Realizing the Power of PAOs

२२ जनवरी २०१४ मा IFAC ले आयोजना तथा CA Sri Lanka ले संचालन गरेको PAOsको शक्ति सम्बन्धि कार्यशाला गोष्ठीमा संस्थाको प्रतिनिधिहरूले सहभागिता जनाउनु भयो । कार्यशाला गोष्ठी अन्तर्राष्ट्रिय मापदण्डको प्रयोग सहीत SMOs, PAOs बिकास र व्यावसायिक लेखापरीक्षकको क्षमता अभिबृद्धि विषयमा केन्द्रित रहेको थियो । कार्यशाला गोष्ठीमा साफा सदस्य राष्ट्रका सहभागी प्रतिनिधिहरूलाई तीन समूहमा बिभाजन गरी गोलमेच छलफल आयोजना गरिएको थियो ।

## SAFA ITAG Technical Committee Meeting, Dhaka, Bangladesh

बंगलादेशको ढाकामा १७ र १८ फेब्रुअरी २०१४ मा साफा ITAG Technical Committee Meeting सम्पन्न भयो । यस बैठकले काठमाडौंमा सम्पन्न भएको SAFA BPA Conference Marking Sessionमा BPA Award को निमित्त छानिएका बिभिन्न संस्थाहरूको रिर्पोटमा मार्किङ्मा देखिएका बिभिन्नताको बारेमा छलफल गर्‍यो साथै बैठकले सबै बिधामा मनोनयन भएका संस्थाहरूको फाइनलाइज्ड गरेको थियो जसमा संस्थाको तर्फबाट प्राविधिक निर्देशक सिए. परमानन्द अधिकारीले भाग लिनु भएको थियो ।

## Meeting of the SAFA ITAG Committee, Dhaka Bangladesh

बंगलादेशको ढाकामा १९ फेब्रुअरी २०१४ मा साफा ITAG Committee Meeting सम्पन्न भयो । यस बैठकले Technical Committeeले दुईदिन सम्म गरेको छलफल तथा लाई मान्यता दिनुका साथै SAFA BPA award का लागि छानिएका बिजयी संस्थाहरूको अन्तिम रूप दियो । संस्थाको तर्फबाट कमिटि सदस्य एंब पूर्व भध्यक्ष सिए. सुनिर कुमार ढुंगेल र प्राविधिक निर्देशक सिए. परमानन्द अधिकारीले भाग लिनु भएको थियो।

## SAFA Board, Committee Meeting and CFO Conference, Pakistan

पकिस्तानको करॉंचीमा ९ देखि ११ मार्च २०१४ सम्म आयोजित ३१औं SAFA Board, तथा Committee Meeting हरू र CFO Conference मा संस्थाका अध्यक्ष सिए. महेश कुमार गुरागाईको नेतृत्वमा ५ सदस्यीय टोलिले सहभागिता जनायो । टोलिका अन्य सदस्यहरूमा उपाध्यक्ष सिए. नरेन्द्र भट्टराई, पार्षदहरू सिए. अच्यूत राज जोशी, आरए. डोल प्रसाद दाहाल र श्री जय देव श्रेष्ठ रहनु भएको थियो ।

## SAFA Board, Committee Meeting and CFO Conference, Pakistan

पकिस्तानको करॉंचीमा ९ देखि ११ मार्च २०१४ सम्म आयोजित ३१औं SAFA Board, तथा Committee Meeting हरू र CFO Conference मा संस्थाका अध्यक्ष सिए. महेश कुमार गुरागाईको नेतृत्वमा ५ सदस्यीय टोलिले सहभागिता जनायो । टोलिका अन्य सदस्यहरूमा उपाध्यक्ष सिए. नरेन्द्र भट्टराई, पार्षदहरू सिए. अच्यूत राज जोशी, आरए. डोल प्रसाद दाहाल र श्री जय देव श्रेष्ठ रहनु भएको थियो ।

### SAFA Committee Meeting

पकिस्तानको करॉंचीमा ९ र १० मार्च २०१४ मा विभिन्न कमिटि बैठकहरू सम्पन्न भए । SAFA Committee on Government and Public Sector Enterprises Accounting बैठकमा सार्क राष्ट्रहरूमा सरकारी तथा सार्वजनिक क्षेत्रमा प्रोदभावी आधार (accrual basis) को बर्तमान अवस्थाको बारेमा अध्ययन पत्र प्रस्तुत, SAFA Task Force to Implement BASEL II Report in SAARC Countries बैठकमा BASEL II Report को प्रयोग सम्बन्धमा हालको स्थिति बारेमा कमिटिका अध्यक्षले प्रतिबेदन पेश, SAFA International Relations Committee बैठकले सार्क सचिवालयसंगको सम्बन्धलाई औपचारिक रूपमा अझ बढाउँदै लैजाने निर्णय र SAFA Task Force to Review the Existing Committee System को बैठकमा बिद्युतीय प्रणालि मार्फत पनि बैठक संचालन गर्ने, कमिटि अध्यक्ष चयन, बैठक गरिनु पर्ने पटकका बारेमा छलफल भएको थियो ।

### SAFA Board Meeting

पकिस्तानको करॉंचीमा १० मार्च २०१४ मा सम्पन्न SAFA Board बैठकले बिभिन्न कमिटिहरू र Task Force ले प्रस्तुत गरेको प्रतिबेदनको पुनरावलोकनका साथै प्रस्तुत प्रतिबेदन माथी आफ्नो भनाई प्रस्तुत गर्‍यो ।

### CFO Conference

ईन्सिटिच्यूट अफ चार्टर्ड एकाउन्टेन्ट्स अफ पकिस्तानको PAIB कमिटिले सन् २०१० देखि Chief Finance Officer (CFO) हरूको निमित्त CFO Conference संचालन गर्दै आएको छ । यसपटक यस कमिटिले 'From Conformance to Leadership - Evolving Role of CFOs'. विषयमा कन्फरेन्स संचालन गर्‍यो । कन्फरेन्समा Pannel discussion समेत गरियो । सम्मेलनमा IFAC ले निर्धारण गरेको CFO हरूको भूमिका र अडिट फी का सम्बन्धमा समेत छलफल भएको थियो ।

## CAPA PSFM Committee Meeting, Phillipens

फिलिपिन्स ईन्सटिच्यूट अफ सर्टिफाईड पब्लिक एकाउन्टेन्ट्स (PICPA) र एशियन विकास बैंकको संयुक्त आयोजनामा २३-२५ मार्च २०१४ सम्म संचालित कापा PSFM बैठक र ADB- CAPA- WB फोरम र फिलिपिन्स पब्लिक सेक्टर राउन्ड टेबलमा संस्थाका अध्यक्ष सिए. महेश कुमार गुरागाईको नेतृत्वमा गएको ३ सदस्यीय टोलिले सहभागिता जनायो । उक्त टोलीका अन्य सदस्यहरूमा पार्षदहरू क्रमश सिए. जितेन्द्र कुमार मिश्र र श्री कृष्ण प्रसाद देवकोटा रहनु भएको थियो ।

## Malaysian Institute of Accountants (MIA) संगको बैठक

मलेसियाको क्वाललाम्पूरमा २७ मार्च २०१४ मा भएको बैठकमा अध्यक्ष सिए. महेश कुमार गुरागाईको नेतृत्वमा गएको ३ सदस्यीय टोलिले सहभागिता जनायो । टोलिका अन्य सदस्यहरूमा पार्षद सिए. जितेन्द्र कुमार मिश्र र प्राविधिक निर्देशक सिए. परमानन्द अधिकारी रहनु भएको थियो । बैठकमा दुई संस्था वीच आपसी सहकार्यको आधारमा एकाउन्टिङ्ग प्रोफेशनको विकास र विस्तारलाई प्राथमिकताका साथ अगाडि बढाउनु रहेको थियो ।

## रक्तदान कार्यक्रम सम्पन्न

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थासंग आवद्ध नेपाल राष्ट्रिय कर्मचारी संगठन र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स विद्यार्थी संगठन (एनकासा)को संयुक्त आयोजनामा ३ माघ २०७० मा संस्थाको प्राङ्गणमा रक्तदान कार्यक्रम सम्पन्न भयो । नेपाल रेडक्रस सोसाइटी, रक्त सञ्चार सेवा केन्द्रको सहकार्यमा आयोजित उक्त कार्यक्रममा ८७ जनाले रक्तदान गरेका थिए। नेपाल रेडक्रस सोसाइटी, रक्त सञ्चार सेवा केन्द्रको सहकार्यमा नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था(नियोन) तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स विद्यार्थी संगठन (एनकासा) को संयुक्त आयोजनामा बिगत केही वर्ष देखि रक्तदान कार्यक्रम संचालन हुँदैं आईरहेको छ ।

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको जरुरी सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स् नियमावली, २०६१ मा चार्टर्ड एकाउन्टेन्सी शिक्षा सम्बन्धी निम्नानुसार नियम संशोधन भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**चार्टर्ड एकाउन्टेन्सी परीक्षामा सामेल हुन सक्ने व्यवस्था :**

१. चार्टर्ड एकाउन्टेन्सी शिक्षाको आधारभुत तह (CAP- I) मा नाम दर्ता गराएको मितिले ६ महिना पुरा गरेका र योग्यता परीक्षा उत्तीर्ण गरेका विद्यार्थीले चार्टर्ड एकाउन्टेन्सी शिक्षा आधारभुत तह (CAP- I) को परीक्षामा सामेल हुन सक्नेछन् । यही 31st May 2014 सम्ममा नाम दर्ता गराई योग्यता परीक्षा उत्तीण हुने विद्यार्थीहरु December 2014 मा हुने चार्टर्ड एकाउन्टेन्सी शिक्षा आधारभुत तहको परीक्षामा सामेल हुन सक्नेछन् ।

२. चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तह (CAP- II) मा नाम दर्ता गराएको मितिले ९ महिना पुरा गरेका र योग्यता परीक्षा उत्तीर्ण गरेका विद्यार्थीले चार्टर्ड एकाउन्टेन्सी शिक्षा मध्यम तह (CAP- II) को परीक्षामा सामेल हुन सक्नेछन् । यही 28th February 2014 सम्ममा नाम दर्ता गराई योग्यता परीक्षा उत्तीण हुने विद्यार्थीहरु December 2014 को चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहको परीक्षामा सामेल हुन सक्नेछन् ।

**परीक्षा उत्तीर्ण गर्नुपर्ने अवधि :**

चार्टर्ड एकाउन्टेन्सी शिक्षा को आधारभुत तह (CAP -I ) को परीक्षा उक्त तहमा शिक्षा प्राप्त गर्न नाम दर्ता गराएको मितिले **३ वर्ष** भित्र र मध्यम तह (CAP -II ) को परीक्षा उक्त तहमा शिक्षा प्राप्त गर्न नाम दर्ता गराएको मितिले **५ वर्ष** भित्र उत्तीर्ण गरिसक्नु पर्नेछ ।

**चार्टर्ड एकाउन्टेन्सी शिक्षामा पुन: नाम दर्ता गराएका विद्यार्थीको सम्बन्धमा :**

- चार्टर्ड एकाउन्टेन्सी शिक्षा हासिल गर्न पुन: नाम दर्ता गराएको अवस्थामा सम्बन्धित तहको परीक्षामा सामेल हुन न्यूनतम समायावधी पुन: पुरा गर्नुपर्ने छैन ।
- चार्टर्ड एकाउन्टेन्सी शिक्षा हासिल गर्न पहिले नै सम्बन्धित तहको योग्यता परीक्षा उत्तीर्ण गरिसकेको भए पुन: योग्यता परीक्षा उत्तीर्ण गर्नुपर्ने छैन ।
- चार्टर्ड एकाउन्टेन्सी शिक्षा अन्तर्गत पहिले नै पत्रिकृत प्रशिक्षण लिई सकेको भएमा पुन: पत्रिकृत प्रशिक्षण लिनुपर्ने छैन ।

*यस सम्बन्धी विस्तृत जानकारीको लागि संस्थामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।*

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**
**The Institute of Chartered Accountants of Nepal**
*(Established Under the Nepal Chartered Accountants Act, 1997)*
Babarmahal, Kathmandu, Nepal,
PO Box: 5289, Tel: 4258569, 4269130, 4255668, Fax: 4258568
*E-mail: ican@ntc.net.np, Website: www.ican.org.np*

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सूचना

यस संस्थाको कार्यकारिणी समितिको मिति २०७० आश्विन ९ गते बसेको बैठकको निर्णयानुसार विदेशमा रहेका सदस्यहरूको पेशागत प्रमाणपत्र नवीकरणका सम्बन्धमा देहाय बमोजिम हुने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

क. कुनै सदस्यको ठेगाना संस्थाको अभिलेख अनुसार विदेशमा रहेको छ भने ती सदस्यहरूको पेशागत प्रमाणपत्र नवीकरण गरिने छैन ।

ख. कुनै सदस्यको ठेगाना नेपालमा नै रहेको र कम्तीमा विगत एक बर्ष देखि निज विदेशमा रहंदै आएको भनि संस्थालाई औपचारिक वा अनौपचारिक रूपमा कुनै पनि माध्यमबाट जानकारी प्राप्त भएमा ती सदस्यहरूको पेशागत प्रमाणपत्र नवीकरण गरिने छैन ।

तर, (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धित सदस्यले आफू रहंदै आएको देशको पेशागत प्रमाणपत्र सहित आफु विदेशमा पूर्णकालिन सेवामा नरहेको वा लेखाव्यवसाय बाहेक अन्य पेशा व्यवसायमा संलग्न नरहेको र आफ्नो घोषणा भन्दा फरक प्रमाणित भएमा अनुशासन कारवाहीको लागि तयार छु भनि घोषणा गरेमा निजको पेशागत प्रमाणपत्र नवीकरण गरिनेछ ।

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
### नियमावली २०६१ मा भएको संशोधन बारे सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली २०६१ मा (नेपाल सरकारद्वारा मिति २०७०/१०/२४ गतेमा स्वीकृत) विभिन्न संशोधनहरू भएका छन् । त्यस मध्ये नियम ५३ मा निम्नानुसार संसोधन भएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- पेशागत प्रमाणपत्र प्राप्त निम्नानूसार बर्गीकृत सदस्यले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (पहिलो संसोधन) नियमावली २०७० को नियम ५३ बमोजिम परिषदले तोकेको आचार संहिताको अधिनमा रही निम्नानुसार रकमको हदसम्म लेखपरीक्षण गर्न सक्नेछ ।
  १. क बर्गको पेशागत प्रमाणपत्र प्राप्त सदस्यले जतिसुकै रकम पनि ।
  २. ख बर्गको पेशागत प्रमाणपत्र प्राप्त सदस्यले ६०(साठी) करोड रूपैयासम्म ।
  ३. ग बर्गको पेशागत प्रमाणपत्र प्राप्त सदस्यले १५ (पन्ध्र)करोड रूपैयासम्म ।
  ४. घ बर्गको पेशागत प्रमाणपत्र प्राप्त सदस्यले २(दुई) करोड रूपैयासम्म ।

स्पष्टीकरण: "रकम" भन्नाले वासलातमा उल्लेख भएको जायजेथा वा दायित्वको रकम सम्फनु पर्छ र सो शब्दले वासलात तयार नगर्ने संस्थाको हकमा नाफा नोक्सान वा आम्दानी वा खर्चको कुल अंकमा उल्लेखित रकम समेतलाई जनाउनेछ ।

टिकट


प्रकाशक : सम्पादन समिति

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**
**THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL**
(Established under the Nepal Chartered Accountants Act, 1997)
बबरमहल, काठमाडौं, पो.ब.नं. ५२८९, फोन: ०१-४२५८५६९/४२६९१३०
फ्याक्स: ००९७७-१-४२५८५६८, इमेल: ican@ntc.net.np, वेवसाइट: www.ican.org.np

शाखाहरू : विराटनगर, बुटवल, वीरगञ्ज, पोखरा